संघीय संसद
राष्ट्रिय सभा

# प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति

<u>समितिको कार्यविधि, २०७५</u>

राष्ट्रिय सभा अन्तर्गतको प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको बैठक सुव्यवस्थित ढंगले संचालन गर्न तथा काम, कारवाहीलाई मर्यादित, व्यवस्थित एवं प्रभावकारी बनाउने सम्बन्धमा आवश्यक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (२) बमोजिम समितिले यो कार्यविधि बनाई लागू गरेको छ ।

१. **<u>संक्षिप्त नाम र प्रारम्भः</u>** (१) यो कार्यविधिको नाम "प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको कार्यविधि, २०७५" रहेको छ ।

(२) यो कार्यविधि समितिले स्वीकृत गरेको मितिदेखि प्रारम्भ हुनेछ ।

२. **<u>परिभाषाः</u>** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमाः-

क) "अध्यक्ष" भन्नाले राष्ट्रिय सभाको अध्यक्ष सम्झनु पर्छ ।

ख) "उपसमिति" भन्नाले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति अर्न्तगत गठित उपसमिति सम्झनु पर्छ ।

ग) "बैठक" भन्नाले समितिको औपचारिक बैठक सम्झनु पर्छ ।

घ) "सचिव" भन्नाले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सचिव सम्झनु पर्छ ।

ङ) "सभापति" भन्नाले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समितिको सभापति सम्झनु पर्छ र सो शब्दले सभापतिको अनुपस्थितिमा समितिको सभापतिको रुपमा काम गर्ने सदस्यलाई समेत जनाउँछ ।

च) "समिति" भन्नाले प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति सम्झनु पर्छ ।

३. **<u>समितिको बैठकः</u>** (१) समितिको बैठक आवश्यकता अनुसार सभापतिले बोलाउनेछ ।

(२) समितिको बैठक संघीय संसद सचिवालय परिसर वा अन्यत्र पनि बस्न सक्नेछ । यसरी सचिवालय परिसर बाहिर बैठक बस्नु परेमा बैठक बस्नु पूर्व अध्यक्षको लिखित अनुमति प्राप्त गर्नु पर्नेछ ।

४. **<u>उपस्थिति</u>**ः बैठकमा उपस्थित प्रत्येक सदस्यले वर्णानुक्रमानुसार उपस्थिति पुस्तिकामा उल्लिखित आफ्नो नामको पछाडि रहेको दस्तखत महलमा दस्तखत गर्नु पर्नेछ ।

५. **<u>बैठक सञ्चालनः</u>** (१) बैठकको सभापतित्व सभापतिबाट हुनेछ । निजको अनुपस्थितिमा समितिका सदस्यहरु मध्ये जेष्ठ सदस्यले समितिको बैठकको सभापतित्व गर्नेछ । यसरी जेष्ठ सदस्यले सभापतित्व गरेको अवस्थामा निजले सभापतिले प्रयोग गर्ने सबै अधिकार प्रयोग गर्न सक्नेछ ।

(२) राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १५६ बमोजिम समितिको गणपूरक संख्या समितिको सम्पूर्ण सदस्य संख्याको एक तिहाई हुनेछ ।

(३) बैठकको निर्णय सर्वसम्मतिबाट हुनेछ । सर्वसम्मत हुन नसकेमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय समितिको निर्णय मानिनेछ र मत बराबर भएमा सभापतिले निर्णायक मत दिनेछ ।

(४) बैठकको निर्णय सभापति र सचिवबाट प्रमाणित हुनेछ ।

(५) बैठक तोकिएको मिति र समयमा समितिको सभाकक्षमा बस्नेछ । सभापति वा सभापतित्व गर्ने व्यक्तिले बैठकको प्रारम्भ र अन्त्यको घोषणा गर्नेछ । तोकिएको समय भन्दा १५ मिनेटसम्म पनि गणपूरक संख्या नपुगेमा सो दिनको बैठक स्वतः स्थगित हुनेछ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति



*समितिबाट पारित मिति २०७५/०५/२८*

(६) प्रत्येक बैठकको समयावधि सामान्यतया दुई घण्टाको हुनेछ । कार्यसूचीमा परेका बिषयको प्रकृति र महत्व समेतलाई ध्यानमा राखी आवश्यकता अनुसार सदस्यहरुले बोल्ने समयको निर्धारण गरी छलफल गरिनेछ र छलफलमा भाग लिने सदस्यले छलफलको विषयमा केन्द्रित रही निर्धारित समयभित्र आफ्नो विचार राख्नुपर्नेछ ।

(७) विशेष कारणवश सभापतिलाई सूचना दिएको अवस्थामा बाहेक बैठक प्रारम्भ भएपश्चात् अन्त्य नभएसम्म सदस्यहरु बैठकमा उपस्थित रहनु पर्नेछ ।

(८) बैठकको बिषयवस्तुमा केन्द्रित रहन र बैठकलाई मर्यादित तुल्याउन मोबाइल वा संचार सेटलाई बैठकको अनुकुल (साइलेन्स मोड) व्यवस्थापन गर्नु सबैको कर्तव्य हुनेछ ।

६. **बैठकको कार्यसूची:** समितिको आगामी बैठकमा छलफल हुने विषय सामान्यतः अघिल्लो बैठकमा नै निर्धारण गरिनेछ र सो बमोजिम हुन नसकेमा सचिवले सभापतिसँग परामर्श गरी कार्यसूची निर्धारण गर्नेछ र सोको जानकारी चौबीस घण्टा अगावै सदस्यहरुलाई गराईनेछ ।

तर सभापतिले आवश्यक देखेमा कार्यसूची तय गरी सो समय अगावै बैठक बोलाउन बाधा पर्ने छैन ।

७. **समितिको काम, कर्तव्य र अधिकार:** समितिको काम, कर्तव्य र अधिकार राष्ट्रिय सभा नियमावली, २०७५ बमोजिम हुनेछ ।

८. **बैठकमा भाग लिन सक्ने**: (१) समिति सदस्य बाहेक राष्ट्रिय सभाको अन्य सदस्यले समितिको बैठकमा भाग लिन चाहेमा सभापतिको स्वीकृति लिई सहभागी हुन सक्नेछ ।

(२) सभापतिले राष्ट्रिय सभाको कुनै सदस्यलाई समितिको बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

तर त्यसरी बैठकमा भाग लिने सदस्य वा आमन्त्रित सदस्यलाई समितिमा मताधिकार हुने छैन ।

९. **परामर्श लिन सक्ने:** समितिले आफ्नो कार्यक्षेत्र अन्तर्गतको विषय अध्ययनको क्रममा सम्बन्धित पक्ष, विभिन्न विषयका विज्ञ तथा हित समूहका प्रतिनिधिहरुलाई समितिमा आमन्त्रण गरी आवश्यक परामर्श तथा सुझाव लिन सक्नेछ ।

१०. **उपसमिति गठन गर्न सक्ने:** समितिले आवश्यकतानुसार समितिको कार्यक्षेत्र भित्रको विषयमा अध्ययन गरी प्रतिवेदन दिन उपसमिति गठन गर्न सक्नेछ । त्यसरी उपसमिति गठन गर्दा उपसमितिमा रहने समितिका सदस्यहरु र उपसमितिले गर्नुपर्ने कामको क्षेत्र समेत किटान गर्नु पर्नेछ ।

११. **कार्यदल गठन गर्न सक्ने:** समितिले कुनै महत्वपूर्ण कामको निम्ति अध्ययन गरी प्रतिवेदन दिन कार्यदल गठन गरी काम गर्न सक्नेछ । त्यसरी कार्यदल गठन गर्दा त्यस्तो कार्यदलमा रहने सदस्य संख्या, कार्यदलले गर्नुपर्ने काम र सो कार्य सम्पन्न गर्नु पर्ने अवधि समेत किटान गर्नु पर्नेछ ।

१२. **कागजात झिकाउन तथा मन्त्री, सरकारी अधिकारी वा सम्बन्धित व्यक्तिलाई उपस्थित गराउन सक्ने :** राष्ट्रिय सभा नियमावली,२०७५ को नियम १५५ बमोजिम समितिले आफ्नो कामको निमित्त कुनै कागजात झिकाउन तथा मन्त्री, सरकारी अधिकारी वा सम्बन्धित व्यक्तिलाई उपस्थित गराउन सक्नेछ।

१३. **स्थलगत अनुगमन तथा अध्ययन भ्रमण:** समितिको कार्यसम्पादनको सिलसिलामा समितिका सदस्यहरुले राष्ट्रिय सभा नियमावली, २०७५ को नियम १४७ को उपनियम (३) बमोजिम अध्यक्षको पूर्व स्वीकृति लिई कुनै स्थानको स्थलगत अनुगमन वा अध्ययन भ्रमण गर्न सक्नेछन् ।

१४. **काम कारवाही खुला हुने:** समितिको बैठकको काम, कारवाही सामान्यतः खुला रहनेछ ।

तर समितिले आफ्नो क्षेत्राधिकार भित्रको कुनै काम, कारवाहीको प्रकृति र विषयको गाम्भीर्यतालाई दृष्टिगत गरी गोप्य राख्नु पर्ने विषय तथा बैठक गोप्य राख्न सक्नेछ ।

१५. **बैठकमा पालना गर्नु पर्ने नियम:** राष्ट्रिय सभा नियमावली, २०७५ मा भएका व्यवस्थाहरु समिति र सदस्यले पालना गर्नु पर्नेछ ।

१६. **कार्यविधिमा संशोधन :** समितिले आवश्यकता अनुसार कार्यविधि संशोधन गर्न सक्नेछ ।

प्रमाणित दस्तावेज संघीय सरकारी अभिलेख समिति

**१७. <u>विविधः</u>** (१) समितिले आफ्नो काम, कारवाहीलाई व्यवस्थित र प्रभावकारी बनाउन कार्यतालिका निर्माण गरी लागू गर्न सक्नेछ ।

(२) समितिले आफ्नो कामकारवाही सम्पादनको सिलसिलामा समितिको क्षेत्राधिकार भित्रको जुनसुकै विषयमा जनताको राय, सुझाव तथा प्रतिक्रिया प्राप्त गर्नको लागि सार्वजनिक सुनुवाई गर्न सक्नेछ ।

(३) समितिको काम, कारवाहीमा सहयोग पुऱ्याउनु सम्बन्धित सबैको कर्तव्य हुनेछ ।

प्रत्यायोजित व्यवस्थापन तथा सरकारी आश्वासन समिति



*समितिबाट पारित मिति २०७५/०५/२८*